Government of Nepal
Ministry of Home Affairs
**Department of Immigration**
Administration Section

Phone : 4429659, 4429660, 4433934, 4438862, 4438868

Kalikasthan, Kathmandu

Website : www.immigration.gov..np
E-mail : info@immigration.gov.np
mail22doi@gmail.com

Ref.no. :

# Notice for passengers arriving and departing from Nepal

As per the decision of Goverment of Nepal (Council of Ministers) dated 14th January 2022 regarding the travel managment order for the passengers arriving and departing from Nepal 2022, the travel advisory for the passengers travelling to and from Nepal has been issued as follows :

1. **The visa issuance procedure and the required documents for the foreigners with complete vaccination against COVID-19:**

**1.1. For visa-on-arrival :**

Foreigners with complete vaccination and eligible for visa on arrival as per the prevailing immigration rules can apply for the visa at the immigration entry point of Nepal with the following documents in addition to those required for visa :

a. Evidence of completion of 14 days of vaccination against Covid-19,
b. COVID-19 negative report obtained within 72 hours of the departure from first port of embarkation.
c. Copy of mountaineering or trekking or other related permits if any,
d. Proof of hotel reservation in Nepal,
e. Printed copy of *International Traveler Online Arrival Form* obtained after online registration in *www.ccmc.gov.np*

**1.2. To obtain visa from Nepali missions abroad :**

Foreigners with complete vaccination shall submit the documents aforementioned in 1.1(a), 1.1(c) & 1.1(d) while applying for visa at the Nepali missions abroad, and are required to submit the documents aforementioned in 1.1(b) & 1.1(e) at the immigration entry point at Nepal.

2. **The visa issuance procedure and the required documents for the foreigners without complete vaccination against COVID-19:**

Foreigners without vaccination or incomplete vaccination or within 14 days of vaccination shall mandatorily obtain a prior visa from Nepali missions abroad. Such foreigner shall submit the documents aforementioned in 1.1(c) & 1.1(d) while applying for visa at the Nepali missions abroad, and are required to submit the documents aforementioned in 1.1(b) & 1.1(e) at the immigration entry point at Nepal.

3. **COVID-19 control measures (health examination, isolation & quarantine management) and code of conduct for the foreigners residing in Nepal:**

a. Foreigners without vaccination or incomplete vaccination or within 14 days of vaccination and all foreigners with COVID-19 symptoms and indications ( even if they are vaccinated) are subjet to antigen test at the immigration entry point. If tested positive, are subject to mandatory isolation or hospitalisation specified by Ministry of Health and Population, and mandatory 5 days hotel quarantine if tested negative.
b. In case of unavailability of antigen test as mentioned above in 3(a), are required antigen test at the hotel. If tested positive, are subject to mandatory isolation or hospitalisation specified by Ministry of Health and Population, and mandatory 5 days hotel quarantine if tested negative.

c. Foreigners quarantined as per 3(a) & 3(b) are allowed to engage in their purpose of visit on the sixth day if tested negative.

d. Foreigners with complete vaccination (without antigen test at immigration entry point) are required to antigen test within 24 hours of hotel checkin and are allowed to move out only if tested negative. After that antigen test should be done every 72 hours.

e. Expenses of Covid-19 test or isolation cost and other expenses including insurance should be beared by the foreigners themselves.

f. All foreigners in Nepal with symptoms and signs of COVID-19 shall go through Covid-19 test and are subject to mandatory isolation at their own expense.

**4. Code of conduct for the foreigners staying in Nepal :**

Foreigners staying in Nepal should mandatorily wear mask, Show the vaccination card while participating in any public program in Nepal. He/She shall follow the health protocols and directives of Nepal government in addition to the aforementioned provision in point number (3).

However, foreigners without vaccination or incomplete vaccination will not be deprived from the visa regulations and arrival/departure from landports and airports according to this notice.

**5. Travel provision of Nepali citizens & Non-residential Nepali citizens:**

a. **For Nepali citizens & Non-residential Nepali citizens with complete vaccination :**

Nepali citizens staying abroad for foreign employment or foreign visit & Non-residential Nepali (NRNs) including their family members (Nepali and Foreigners) with complete vaccination shall present COVID-19 negative report obtained within 72 hours of the departure from first port of embarkation and printed copy of *International Traveler Online Arrival Form* after online registration in *www.ccmc.gov.np* during their travel. Such travelers without any sign and symptoms of COVID-19 are allowed to move towards their destination. Travelers with sign and symptoms of COVID-19 are required antigen test, if tested positive are sent to isolation or hospital and those tested negative are subject to 5 days home/hotel quarantine.

b. **For Nepali citizens & Non-residential Nepali citizens without complete vaccination :**

Nepali citizens staying abroad for foreign employment or foreign visit & Non-residential Nepali (NRNs) including their family members (Nepali and Foreigners) without vaccination or incomplete vaccination or within 14 days of vaccination should present COVID-19 negative report obtained within 72 hours of the departure from first port of embarkation and printed copy of International Traveler Online Arrival Form after online registration in *www.ccmc.gov.np* during their travel. Such travelers are shall take antigen test at immigration entry point and if tested negative are allowed to move towards their destination and sent to isolation or hospital if tested positive.

**6. Special provision for officials of diplomatic missions in Nepal, employees or their family members:**

a. **Visa on arrival for those with complete vaccination:**

Officials of diplomatic missions in Nepal, employees or their family members with complete vaccination are required to submit the documents aforementioned in 1.1(a), 1.1(b) & 1.1(e) along with a COVID-19 negative report obtained within 72 hours of the departure from first port of embarkation to ensure visa on arrival.

Phone : 4429659, 4429660, 4433934, 4438862, 4438868
Kalikasthan, Kathmandu
Website : www.immigration.gov..np
E-mail : info@immigration.gov.np
mail22doi@gmail.com

Officials of diplomatic missions in Nepal, employees or their family members with complete vaccination but with symptoms of COVID-19 are required antigen test at the immigration entry point. If tested positive, are subject to mandatory isolation or hospitalisation, and allowed to move towards their destination if tested negative.

b. **Those without complete vaccination shall obtain prior visa from Nepali diplomatic missions abroad:**
Officials of diplomatic missions in Nepal, employees or their family members without vaccination, or incomplete vaccination or within 14 days of vaccination shall obtain a prior visa from Nepali diplomatic missions abroad and subject to stay in 5 days quarantine specified and monitored by their respective diplomatic mission in Nepal.
Such travelers are required antigen test at the immigration entry point. If tested positive, are subject to mandatory isolation or hospitalisation. if tested negative are allowed to move towards their destination but are subject to stay in 5 days self quarantine.

7. **Foreign officials and delegations formally invited by Nepal government to participate in a scheduled meetings:**
Foreign officials and delegations formally invited by Nepal government to participate in a scheduled meetings are required COVID-19 test at the immigration entry point. If tested positive, are subject to mandatory isolation or hospitalisation, and allowed to move towards their destinatined program if tested negative.

8. **Health officials arriving Nepal for COVID-19 control related program:**
Health officials without vaccination, or incomplete vaccination or within 14 days of vaccination are allowed to enter Nepal on the recommendation of Ministry of Health and Population.
Such travelers are required antigen test at the immigration entry point. If tested positive, are subject to mandatory isolation or hospitalisation. if tested negative are also required to stay in 5 days quarantine and will be monitered by Ministry of Health and Population.

9. **Special provision for children:**
No Vaccination or testing is required for the minors below 5 years. Vaccinatons are not mandatory for the children between 5-18 years, but are subject to follow the other health protocols as adults.

10. **Provision for foreingers entering Nepal via Land ports:**

a. **For Indian Nationals:**
Indian nationals arriving Nepal through entry/exit at land border shall submit the documents aforementioned in 1(b) & (e) to ensure arrival permission.
Such travelers are subject to mandatory antigen test at the immigration entry point. If tested positive, are not allowed to enter Nepal. if tested negative are allowed to enter Nepal.

b. **For Other Nationals Except Indian:**
Foreigner except Indian nationals entering Nepal by land port will be granted on arrival visa and entry permit on the basis of the following documents:-

I. Documents aforementioned in 1.1(a), (b), (c), (d) & (e) to ensure onarrival visa permission.
II. Antigen test negative report tested at the immigration entry point.

III. In case of unavailability of antigen test at the immigration entry point, are required antigen test at the hotel. If tested positive, are required mandatory isolation or hospitalisation specified by Ministry of Health and Population, and mandatory 5 days hotel quarantine if tested negative.

**11. Provision for departing from Nepal:**

Passengers departing from Nepal shall submit the following documents:

a. Covid-19 test report and prescribed vaccination criteria that meet the health protocol of the destination country and COVID-19 negative RT-PCR report from recognized laboratory within 48 hours of receiving the boarding pass.

b. Printed copy of *International Traveler Online Departure Form* obtained after online registration in *www.ccmc.gov.np*

c. Vaccination Certificate with QR code against COVID-19 in case of Nepali citizens departing from Nepal.

**12. Provision for special status Nepalese Citizen:**

In case of Nepali Citizens who have travelled for foreign employment and have been returned by the specified country, deported by foreign country or returned home at no cost, have completed vaccination against COVID-19 and tested negative for COVID-19 within 72 hours of entering Nepal and having no symptoms of COVID-19 are allowed to move towards their destination. In case of Nepalese citizens without vaccination, or incomplete vaccination or within 14 days of vaccination shall take antigen test at the immigration entry point. If tested positive, are required to stay at isolation or hospitals specified by Nepal Government for 10 days.if tested negative are allowed to move towards their destination.

**13. Responsibilities and obligations of travel, trekking agencies, hotels and airlines:**

a. It is responsibility of the concerned travel and trekking agency to make foreigners who come to Nepal through travel or trekking agency with the conditions as per this order.

b. If any foreigner did not follow the aforementioned terms and conditions, concerned Travel, Hotel and trekking agency should inform Nepal Police or Concerned Authority immediately.

c. Airlines companies are obliged to follow the aforementioned provision and must not board or check-in the ineligible passengers travelling to and from Nepal.

**14. Action to be taken:**

Anyone who does not comply with the provisions of this notice shall be punished in accordance with the Infectious Diseases Act, 2020 and other applicable laws.

**15. Repealed & protection:**

This notice has been issued by the Department of Immigration superseding all former related notices.

***Note:*** *Nationals from Nigeria, Ghana, Zimbabwe, Swaziland, Cameroon, Somalia, Liberia, Ethiopia, Iraq, Palestine, Afghanistan & Syria and foreigners holding temporary travel document and emergency passport must obtain visa from the Nepali Mission abroad.*

2078/10/6

21st January, 2022

Mukesh Kumar Keshari
(Director)

नेपाल सरकार
गृह मन्त्रालय
# अध्यागमन विभाग
प्रशासन शाखा

फोन : ४४२९६५९, ४४२९६६०, ४४३३९३४, ४४३८८६२, ४४३८८६८
फ्याक्स : ४४३३९३५
कालिकास्थान, काठमाण्डौ
Website : www.immigration.gov..np
E-mail : info@immigration.gov.np
mail22doi@gmail.com

पत्र संख्या : २०७८/७९
चलानी नं.

## नेपालमा आगमन हुने र नेपालबाट प्रस्थान गर्ने यात्रुहरुका लागि सूचना

नेपाल सरकार (मन्त्रिपरिषद्)को मिति २०७८।०९।३० गतेको निर्णयानुसार विदेशबाट नेपाल आगमन हुने र नेपालबाट प्रस्थान गर्ने यात्रुहरुको यात्रा व्यवस्थापन सम्बन्धी आदेश २०७८,अनुसार यात्रुहरुको आवागमन सम्बन्धमा देहाय बमोजिम व्यवस्था गरिएको हुदाँ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**१. खोपको मात्रा पूरा गरेका विदेशी नागरिकहरुले भिसा प्राप्त गर्ने तरिका र त्यसका लागि पेश गर्नुपर्ने कागजातहरु:**

**१.१. अन अराईभल भिसा:**

प्रचलित कानून बमोजिम अनअराइभल भिसा प्राप्त गर्न सक्ने मुलुकका कोभिड-१९ विरुद्धको खोपको मात्रा पूरा गरेका नागरिकलाई अनअराइभल भिसा दिइनेछ ।त्यस्तो विदेशी नागरिकले नेपालस्थित अध्यागमन प्रवेश विन्दुमा भिसाको लागि आवेदन गर्दा भिसाका लागि आवश्यक अन्य कागजातका अतिरिक्त देहायका कागजात समेत पेश गर्नुपर्नेछः-

क. कोभिड-१९ विरुद्धको खोपको मात्रा पूरा गरेको १४ दिन पूरा भएको प्रमाण,

ख. हवाई उडानको लागि चेक इन हुनु भन्दा ७२ घण्टाभित्रको कोभिड-१९ परीक्षणको रिपोर्ट नेगेटिभ भएको प्रमाण,

ग. पर्वतारोहण र पदयात्रा तथा अनुमति लिनुपर्ने अन्य विषयको हकमा सो सम्बन्धी अनुमतिको प्रतिलिपि,

घ. नेपालमा होटेल बुक गरेको प्रमाण,

ङ. www.ccmc.gov.np मा लगइन गरी (International Traveler Online Arrival Form) अनलाइन फाराम भरी सो को प्रिन्ट प्रति।

**१.२. विदेश स्थित नेपाली नियोगबाट प्राप्त हुने भिसा :**

सम्बन्धित मुलुकमा रहेको वा सम्बन्धित मुलुकको लागि तोकिएको नेपाली नियोगबाट भिसा लिएर नेपाल आउन चाहने कोभिड-१९ विरुद्धको खोपको मात्रा पूरा गरेका विदेशी नागरिकले सम्बन्धित नेपाली नियोगमा भिसाको लागि आवेदन गर्दा भिसाको लागि आवश्यक अन्य कागजातका अतिरिक्त प्रकरण (१.१) को खण्ड (क),(ग)र (घ) बमोजिमका कागजात समेत संलग्न गर्नुपर्नेछ।त्यस्तो विदेशी नागरिकले नेपाल प्रवेश गर्दा नेपालस्थित अध्यागमन प्रवेश विन्दुमा प्रकरण (१.१) को खण्ड (ख) र (ङ) बमोजिमको प्रमाण पेश गर्नु पर्नेछ ।

**२. खोपको मात्रा पूरा नगरेका विदेशी नागरिकहरुले भिसा प्राप्त गर्ने तरिका र सो का लागि पेश गर्नुपर्ने कागजातहरु:**

कोभिडबिरुद्धको खोप नल १९-गाएकादिन नपुगेका १४खोपको मात्रा पूरा नगरेका वा खोपको मात्रा पूरा गरेको , विदेशीनागरिकहरुको हकमा सम्बन्धित मुलुक वा सो मुलुकको लागि तोकिएको नेपाली नियोगबाट भिसा लिएर र एजेन्सी मार्फत मात्र नेपाल भ्रमणको अनुमति दिइनेछ। यसरी भिसाको लागि आवेदन गर्दा भिसाको लागि आवश्यक अन्य कागजातका अतिरिक्त प्रकरण १.१को खण्ड (ग) र (घ) बमोजिमका कागजात समेत संलग्न गर्नुपर्नेछ।त्यस्तो विदेशी नागरिकले नेपाल प्रवेश गर्दा नेपालस्थित अध्यागमन प्रवेश विन्दुमा प्रकरण १.१ को खण्ड (ख) र (ङ) बमोजिमको प्रमाण पेश गर्नु पर्नेछ।

**३. कोभिड-१९ को संक्रमण नियन्त्रणका लागि स्वास्थ्य परीक्षण तथा आइसोलेसन र क्वारेन्टिन सम्बन्धी व्यबस्था र नेपालमा रहेका विदेशी नागरिकहरुले पालना गर्नुपर्ने आचारसंहिता:**

क. कोभिड-१९ विरुद्धको खोप नलगाएका, खोपको मात्रा पूरा नगरेका वा खोपको मात्रा पूरा गरेको १४ दिन नपुगेका वा कोभिड-१९ को लक्षण वा चिन्ह देखिएका विदेशी नागरिकले नेपालस्थित अध्यागमन प्रवेश विन्दुमा

निर्देशक

फोन : ४४२९६५९, ४४२९६६०, ४४३३९३४, ४४३८८६२, ४४३८८६८
फ्याक्स : ४४३३९३५
कालिकास्थान, काठमाण्डौ
Website : www.immigration.gov.np
E-mail : info@immigration.gov.np
mail22doi@gmail.com

पत्र संख्या : २०७८/७९
चलानी नं.

एण्टीजेन परीक्षण गर्नुपर्नेछ। त्यस्तो परीक्षणबाट पोजेटिभ देखिएमा अनिवार्य रुपमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले तोकेको आइसोलेसन वा अस्पतालमा र नेगेटिभ देखिएमा पाँच दिन होटल क्वारेन्टिनमा बस्नुपर्नेछ ।

ख. माथि (क) बमोजिम नेपालस्थित अध्यागमन प्रवेश विन्दुमा एण्टीजेन परीक्षण हुन नसकेमा निज बस्ने होटलमा प्रवेश गर्नु अघि एन्टिजेन परीक्षण गराउनु पर्नेछ ।त्यसरी परीक्षण गर्दा पोजेटिभ देखिएमा अनिवार्य रुपमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले तोकेको आइसोलेसन वा अस्पतालमा र नेगेटिभ देखिएमा पाँच दिन होटलमा नै क्वारेन्टिनमा बस्नु पर्नेछ ।

ग. माथि (क) र (ख) मा उल्लेख भए बमोजिम होटल क्वारेन्टिनमा बसेका विदेशी नागरिकहरुले छैठौं दिनमा कोभिड-१९ को परीक्षण गरी रिपोर्ट नेगेटिभ आएपछि मात्र आफ्नो नेपाल भ्रमणको उद्देश्य बमोजिमको काममा संलग्न हुन पाउनेछ।

घ. खोपको मात्रा पूरा गरेका (अध्यागमन प्रवेश विन्दुमा स्वास्थ्य परीक्षण नगरेका) विदेशी नागरिकहरुले नेपाल आगमन पश्चात बस्ने होटलमा चेक इन गरेको २४ घन्टा भित्र अनिवार्य रुपमा एन्टिजेन परीक्षण गरी सो को रिपोर्ट नेगेटिभ आएपछि मात्र होटल बाहिर जान दिनु पर्नेछ ।त्यस पछि हरेक ७२ घन्टामा एन्टिजेन परीक्षण गर्नु पर्नेछ ।

ङ. कोभिड-१९ को परीक्षण गर्दा वा आइसोलेसनमा बस्दा लाग्ने खर्च र बीमा लगायतका अन्य खर्चहरु विदेशी नागरिक स्वयंले व्यहोर्नु पर्नेछ।

च. नेपाल भ्रमणमा रहेका सबै विदेशी नागरिकले कोभिड-१९ को लक्षण वा चिन्ह देखिएमा तत्काल कोभिड-१९ को परीक्षण गराउनु पर्नेछ र रिपोर्ट पोजेटिभ आएमा आफ्नै खर्चमा आइसोलेसनमा बस्नु पर्नेछ।

**४. विदेशी नागरिकहरुले नेपालमा रहदा पालना गर्नुपर्ने आचरणः**

विदेशी नागरिकहरुले नेपालमा रहदा माथि प्रकरण नं ३ मा भएका व्यवस्थाका अतिरिक्त सार्वजनिक स्थलमा उपस्थित हुँदा र सार्वजनिक सवारी साधनमा यात्रा गर्दा मास्क लगाउने, सार्वजनिक कार्यक्रममा उपस्थित हुँदा खोप कार्ड देखाउने लगायतका कोभिड १९ को रोकथाम नियन्त्रणका लागि नेपाल सरकारले जारी गरेका आदेशहरु र स्वास्थ्य मापदण्डको पालना गर्नुपर्नेछ ।

तर यस सूचना बमोजिम नेपालमा आगमन हुने र हाल नेपालमा नै रहेका खोप नलगाएका, खोपको मात्रा पूरा नगरेका र खोपको मात्रा पूरा गरेको १४ दिन नपुगेका विदेशी नागरिकहरुलाई निजको खोप कार्ड नभएकै कारणले निजको भिसा नियमित गर्ने, विमानस्थलमा प्रवेश गर्ने, स्थलमार्ग तथा हवाई मार्गबाट यात्रा गर्ने लगायतका अत्यावश्यक पर्यटकीय सेवाबाट वञ्चित गरिने छैन ।

**५. नेपाली नागरिक, गैर आवासीय नेपाली नागरिकको नेपाल आवागमन सम्बन्धमा :**

**क. खोपको मात्रा पूरा गरेका नेपाली नागरिक, गैर आवासीय नेपाली नागरिकको नेपाल आवागमन सम्बन्धमा:**

कोभिड-१९ विरुद्धको खोपको मात्रा पूरा गरेको १४ दिन पूरा भएका विदेश भ्रमणमा रहेका वा वैदेशिक रोजगारीमा गएका नेपाली नागरिक वा गैर आवासीय नेपाली नागरिक (विदेशमा बसोबास गर्ने नेपाली नागरिक वा विदेशी मूलका नेपाली नागरिक) वा निजको परिवारको सदस्य (नेपाली वा विदेशी नागरिक) नेपालबाट फर्कदा वा नेपाल आउँदा हवाई उडानमा चेक इन हुनु भन्दा ७२ घण्टा भित्रको कोभिड-१९ परीक्षणको रिपोर्ट नेगेटिभ भएको प्रमाण र www.ccmc.gov.npमा लगइन गरी विदेशबाट नेपाल आउने व्यक्तिले भर्नुपर्ने फाराम (International Traveler Online Arrival Form) भरी सो को प्रिन्ट प्रति साथमा राख्नु पर्नेछ।त्यस्ता व्यक्ति नेपाल प्रवेश गर्दा कोभिड-१९ को

निर्देशक

नेपाल सरकार
गृह मन्त्रालय
# अध्यागमन विभाग
प्रशासन शाखा

फोन : ४४२९६५९, ४४२९६६०, ४४३३९३४, ४४३८८६२, ४४३८८६८
फ्याक्स : ४४३३९३५
कालिकास्थान, काठमाण्डौ
Website : www.immigration.gov..np
E-mail : info@immigration.gov.np
mail22doi@gmail.com

पत्र संख्या : २०७८/७९
चलानी नं.

लक्षण वा चिन्ह नभएमा गन्तव्यमा जान अनुमति दिइनेछ। कोभिड -१९ को लक्षण वा चिन्ह देखिएमा एन्टिजेन परीक्षण गरी रिपोर्ट पोजेटिभ आएमा आइसोलेसन वा अस्पतालमा र नेगेटिभ आएमा ५ दिन सम्म होम वा होटल क्वारेन्टिनमा बस्ने गरी जान दिइनेछ ।

**ख. खोपको मात्रा पूरा नगरेका नेपाली नागरिक, गैर आवासीय नेपाली नागरिकको नेपाल आवागमन सम्बन्धमा :**

कोभिड-१९ विरुद्धको खोप नलगाएका, खोपको मात्रा पूरा नगरेका वा खोपको मात्रा पूरा गरेको १४ दिन नपुगेका विदेश भ्रमणमा रहेका वा वैदेशिक रोजगारीमा गएका नेपाली नागरिक वा गैर आवासीय नेपाली नागरिक (विदेशमा बसोबास गर्ने नेपाली नागरिक वा विदेशी मूलका नेपाली नागरिक) वा निजको परिवारको सदस्य (नेपाली वा विदेशी नागरिक) नेपालबाट फर्कदा वा नेपाल आउँदा हवाई उडानमा चेक इन हुनु भन्दा ७२ घण्टा भित्रको कोभिड-१९ परीक्षणको रिपोर्ट नेगेटिभ भएको प्रमाण र www.ccmc.gov.np मा लगइन गरी विदेशबाट नेपाल आउने व्यक्तिले भर्नुपर्ने फाराम (International Traveler Online Arrival Form) भरी सो को प्रिन्ट प्रति साथमा राख्नु पर्नेछ। त्यस्ता व्यक्तिलाई अध्यागमन विन्दुमा एन्टिजेन परीक्षण गरी रिपोर्ट नेगेटिभ आएमा गन्तब्यमा जान दिइनेछ । रिपोर्ट पोजेटिभ आएमा आइसोलेसन वा अस्पतालमा र नेगेटिभ आएमा ५ दिन सम्म होम वा होटल क्वारेन्टिनमा बस्ने गरी जान दिइनेछ ।

**६. नेपालमा रहेका कुटनीतिक नियोगका पदाधिकारीहरु,कर्मचारीहरु वा तिनका परिवारका सदस्यहरुका लागि विशेष व्यवस्था :**

**क. खोपको मात्रा पूरा गरेकाहरुको लागि अनअराइभल भिसा उपलब्ध हुने :**

खोपको मात्रा पूरा गरेको १४ दिन पूरा भएका नेपालमा रहेका कुटनीतिक नियोगका पदाधिकारीहरु तथा कर्मचारीहरु र तिनका परिवारका सदस्यलाई माथि प्रकरण १.१ को (क),(ख) र (ङ) बमोजिमको आधारमा हवाई उडानमा चेक इन हुनु भन्दा ७२ घण्टाभित्रको कोभिड-१९ परीक्षणको रिपोर्ट नेगेटिभ भएको प्रमाण पेश गरी अनअराईभल भिसा प्रदान गरिनेछ।

खोपको मात्रा पूरा गरेका कुटनीतिक नियोगका पदाधिकारीहरु तथा कर्मचारीहरु र तिनका परिवारका सदस्यले कोभिड-१९ को लक्षण देखा परेमा नेपाल प्रवेश गर्ने अध्यागमन विन्दुमा एन्टिजेन परीक्षण गराउनु पर्नेछ। त्यसरी परीक्षण गराउदा रिपोर्ट पोजेटिभ आएमा आइसोलेसन वा अस्पतालमा पठाइनेछ । रिपोर्ट नेगेटिभ आएमा गन्तव्यमा जान दिइनेछ।

**ख. खोपको मात्रा पूरा नगरेकाहरुले विदेश स्थित नेपाली नियोगहरुबाट भिसा लिएर आउनुपर्ने :**

नेपालमा आगमन गर्ने कोभिड-१९ विरुद्धको खोप नलगाएको, खोपको मात्रा पूरा नगरेका र खोपको मात्रा पूरा गरेको १४ दिन नपुगेका कुटनीतिक नियोगका पदाधिकारीहरु तथा कर्मचारीहरु र तिनका परिवारका सदस्यहरुले विदेशस्थित नेपाली कुटनीतिक नियोगबाट प्राप्त गरेको भिसा सहित नेपाल आउन चाहेमा नियोगले तोकेको स्थानमा कम्तिमा पाँच दिन क्वारेन्टिन वस्ने र सो कुराको अनुगमन सम्बन्धित नियोगले गर्ने शर्तमा आगमन अनुमति दिइनेछ।

यसरी आउने सबैले नेपाल प्रवेश गर्ने अध्यागमन विन्दुमा एन्टिजेन परीक्षण गराउनु पर्नेछ । एन्टिजेन परीक्षण गर्दा रिपोर्ट पोजेटिभ आएमा आइसोलेसन वा अस्पतालमा पठाइनेछ। रिपोर्ट नेगेटिभ आएमा तोकेको बासस्थानमा अनिवार्य रुपमा कम्तीमा पाँच दिन क्वारेन्टिन बस्ने शर्तमा मात्र आगमन दिइनेछ। प्रवेश विन्दुमा एण्टीजेन परीक्षण गर्दा रिपोर्ट पोजेटिभ देखिएमा अनिवार्य रुपमा स्वास्थ्य मापदण्ड पालना गरी आइसोलेसन वा अस्पतालमा बस्नुपर्नेछ।

निर्देशक

नेपाल सरकार
गृह मन्त्रालय
# अध्यागमन विभाग
प्रशासन शाखा

फोन : ४४२९६५९, ४४२९६६०, ४४३३९३४, ४४३८८६२, ४४३८८६८
फ्याक्स : ४४३३९३५
कालिकास्थान, काठमाण्डौ
Website : www.immigration.gov.np
E-mail : info@immigration.gov.np
mail22doi@gmail.com

पत्र संख्या : २०७८/७९
चलानी नं.

७. **नेपाल सरकारको औपचारिक निमन्त्रणामा निर्धारित बैठकमा सहभागी हुन नेपाल भ्रमण गर्ने विदेशी उच्च पदाधिकारीहरु र अन्य प्रतिनिधिमण्डलका सदस्यहरु:**

नेपाल सरकारको औपचारिक निमन्त्रणामा निर्धारित बैठकमा सहभागी हुन नेपाल भ्रमण गर्ने विदेशी उच्च पदाधिकारीहरु र अन्य प्रतिनिधिमण्डलका सदस्यहरुलाई नेपाल प्रवेशविन्दुमा कोभिड-१९को परीक्षण गर्ने र परीक्षण रिपोर्ट नेगेटिभ आएको खण्डमा निर्धारित कार्यक्रममा सहभागी हुन दिइनेछ। रिपोर्ट पोजेटिभ देखिएमा अनिवार्य रुपमा स्वास्थ्य मापदण्ड पालना गरी आइसोलेसनमा बस्नुपर्नेछ।

८. **नेपालमा कोभिड-१९नियन्त्रण सम्बन्धी कार्यमा खटिई आउने स्वास्थ्यकर्मीहरुका लागि:**

नेपालमा कोभिड-१९ नियन्त्रण सम्बन्धी कामका लागि खटिइ आउने विदेशमा काम गरिरहेका कोभिड १९ को खोप नलगाएका, खोपको मात्रा पूरा नगरेका र खोपको मात्रा पूरा गरेको १४ दिन नपुगेका स्वास्थ्यकर्मीलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सिफारिसका आधारमा नेपाल आउन अनुमति दिइनेछ।

त्यस्ता व्यक्तिले विमानस्थलमा एण्टीजेन परीक्षण गरी रिपोर्ट नेगेटिभ आएमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेको बासस्थानमा अनिवार्य रुपमा कम्तीमा पाँच दिन क्वारेण्टिन बस्ने गरी गन्तब्यमा जान अनुमति दिइनेछ। यस कुराको अनुगमन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट हुनेछ। रिपोर्ट पोजेटिभ आएमा आइसोलेसन वा अस्पतालमा पठाइनेछ।

९. **बालबालिकाहरुको लागि विशेष व्यवस्था :**

पाँच वर्ष भन्दा कम उमेरका बालबालिकाको हकमा कुनै खोप र परीक्षण आवश्यक हुने छैन । पाँच वर्षभन्दा बढी र अठार वर्ष भन्दा कम उमेरका बालबालिकाको हकमा कोभिड-१९ विरुद्धको खोप अनिवार्य हुने छैन र त्यस्ता बालबालिकाको हकमा अन्य व्यवस्था अन्य नेपाली वा विदेशी नागरिक सरह हुनेछ।

१०. **स्थलमार्गबाट नेपालमा प्रवेश गर्ने विदेशी नागरिकहरुका सम्बन्धमा:**

क. **भारतीय नागरिकहरु:** स्थल नाकाबाट नेपाल आगमन हुने भारतीय नागरिकहरुको हकमा माथि प्रकरण १:१ को (ख) र (ङ) बमोजिमको कागजातको आधारमा नेपाल प्रवेश गर्ने अनुमति दिइनेछ।

यसरी आगमन हुने भारतीय नागरिकहरुलाई कोभिड-१९ को लक्षण वा चिन्ह देखिएमा नेपाल प्रवेश गर्ने अध्यागमन विन्दुमा एन्टिजेन परीक्षण गराउनु पर्नेछ। त्यसरी परीक्षण गराउदा रिपोर्ट नेगेटिभ आएमा मात्र नेपाल प्रवेशका लागि अनुमति दिइनेछ।

ख. **भारत बाहेक अन्य मुलुकका नागरिकहरु :** स्थलमार्गबाट नेपालमा प्रवेश गर्ने भारत बाहेक अन्य मूलुकका विदेशी नागरिकहरुलाई निम्न लिखित कागजातहरुका आधारमा अनअराइभल भिसा तथा प्रवेश अनुमति दिइनेछ।

१. माथि प्रकरण १.१ को खण्ड (क), (ख), (ङ),(घ) र (ङ) मा उल्लेख भएका कागजातहरु साथमा भएको।

२. नेपालको अध्यागमन विन्दुमा परीक्षण गरिएको एन्टिजेन नेगेटिभ रिपोर्ट भएको।

३. अध्यागमन विन्दुमा एन्टिजेन परीक्षण हुन नसकेमा निज बस्ने होटलमा प्रवेश गर्नु अघि एन्टिजेन परीक्षण गराउनु पर्नेछ। त्यसरी परीक्षण गर्दा पोजेटिभ देखिएमा अनिवार्य रुपमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले तोकेको आइसोलेसन वा अस्पतालमा र नेगेटिभ देखिएमा पाँच दिन होटलमा नै क्वारेन्टिनमा बस्नु पर्नेछ।

११. **नेपालबाट विदेश प्रस्थान गर्ने यात्रु सम्बन्धी व्यवस्था :**

नेपालबाट विदेश प्रस्थान गर्न चाहने यात्रुहरुले निम्नानुसारका कागजातहरु पेश गर्नुपर्नेछः

क. गन्तब्य मुलुकले तोके बमोजिमको खोप तथा स्वास्थ्य परीक्षण सम्बन्धी मापदण्ड पूरा गरेको र त्यसरी नतोकिएकोमा प्रस्थान गर्न बोर्डिङ्ग पास प्राप्त गर्नुभन्दा ४८ घन्टा भित्रको मान्यता प्राप्त प्रयोगशालामा परीक्षण गरिएको कोभिड-१९ नेगेटिभ रिपोर्ट।

निर्देशक

नेपाल सरकार
गृह मन्त्रालय
# अध्यागमन विभाग
प्रशासन शाखा

फोन : ४४२९६५९, ४४२९६६०, ४४३३९३४, ४४३८८६२, ४४३८८६८
फ्याक्स : ४४३३९३५
कालिकास्थान, काठमाण्डौ
Website : www.immigration.gov..np
E-mail : info@immigration.gov.np
mail22doi@gmail.com

पत्र संख्या : २०७८/७९
चलानी नं.

ख. कोभिड-१९ सङ्कट व्यवस्थापन समन्वय केन्द्र (CCMC) को वेभसाईट www.ccmc.gov.np मा लगइन गरी (International OnlineDeparture Form) अनलाइन फारम भरेको कागजात।

ग. नेपालबाट विदेश प्रस्थान गर्ने नेपाली नागरिकहरुको हकमा कोभिड-१९ विरुद्धको खोप लगाएको क्युआर कोड सहितको प्रमाणपत्र । नेपालबाट विदेश जाने नेपाली नागरिकलाई कोभिड-१९ विरुद्धको खोप लगाएको क्युआर कोड सहितको प्रमाणपत्र सहजै रुपमा र संभव भए सम्म अनलाईन माध्यमबाट उपलब्ध हुने व्यवस्था स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोके बमोजिम हुनेछ।

**१२. विशेष अवस्थाका नेपाली नागरिक सम्बन्धी व्यवस्था:**

वैदेशिक रोजगारीमा गएका तर सम्बन्धित मुलुकले फिर्ता गरेका, विदेशी मुलुकले डिपोर्ट गरेका वा बेखर्ची अवस्थामा स्वदेश फर्केका नेपाली नागरिकको हकमा कोभिड-१९ विरुद्धको खोपको मात्रा पूरा गरेको र नेपाल प्रवेश गर्नुभन्दा ७२ घण्टाभित्र कोभिड-१९ को परीक्षण रिपोर्ट नेगेटिभ भएको तथा कुनै लक्षण नदेखिएहरुको हकमा गन्तव्यमा जान दिइनेछ। माथि उल्लिखित बमोजिमका तर खोप नलगाएका, खोपको मात्रा पूरा नगरेका र खोपको मात्रा पूरा गरेको १४ दिन पूरा नगरेका नेपाली नागरिकहरुको हकमा नेपाल प्रवेश गर्ने अध्यागमन विन्दूमा एण्टीजेन परीक्षण गरी रिपोर्ट नेगेटिभ आएमा गन्तव्यमा जान दिइनेछ । रिपोर्ट पोजेटिभ आएमा नेपाल सरकारले तोकेको आइसोलेसन वा अस्पतालमा दश दिन सम्म राखी कोभिड-१९ को परीक्षणबाट रिपोर्ट नेगेटिभ आएपछि गन्तव्यमा जान दिइनेछ।

**१३. ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी तथा होटल र वायुसेवा कम्पनीको जिम्मेवारी तथा दायित्व :**

क. ट्राभल वा ट्रेकिङ्ग एजेन्सी मार्फत नेपाल आएका पर्यटकलाई यस आदेश बमोजिमका शर्तहरु पालना गर्ने गराउने दायित्व सम्बन्धित एजेन्सीको हुनेछ।

ख. कुनै पर्यटकले यस आदेश बमोजिमका शर्तहरु पालना नगरेमा सम्बन्धित एजेन्सी वा होटेलले सो को सूचना तत्काल नेपाल प्रहरी वा सम्बन्धित निकायमा दिनु पर्नेछ।

ग. वायुसेवा कम्पनीले यस सूचनमा उल्लिखित शर्त वा मापदण्ड पूरा नभएका यात्रुलाई विमानमा चेक इन गर्न वा विमानमा राखी नेपालमा ल्याउन वा नेपालबाट अन्य मुलुकमा लैजान हुँदैन।

**१४. कारवाही हुने :**

यस सूचनामा उल्लेख भएका कुराहरु पालना नगर्ने व्यक्तिलाई संक्रामक रोग ऐन, २०२० तथा अन्य प्रचलित कानुन बमोजिम सजाय हुनेछ।

**१५. खारेजी र बचाउँ :**

यस अध्यागमन विभागबाट विगतमा जारी भएका यस सूचनासँग बाझिएका सम्पूर्ण सूचना खारेज गरिएको छ।

**नोट** : Nigeria, Ghana, Zimbabwe, Swaziland, Cameroon, Somalia, Liberia, Ethiopia, Iran, Palestine, Afghanistan र Syria का नगरिकहरु तथा यात्रा अनुमतिपत्र वा आकस्मिक राहदानी वाहकहरुकले अनिवार्य रुपमा विदेशस्थित नेपाली कुटनीतिक नियोगबाट भिसा लिई आउनुपर्नेछ।

२०७८ माघ ०६ गते

२०७८/१०/६
.........................
(मुकेश कुमार केशरी)
निर्देशक